निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति २०८१/०८/०५

प.सं. च.नं. / Ref:

नेपाल संवत् ११४५, कछलागा ५ बुधबार

# प्रेस विज्ञप्ति

## उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिएको

वि.सं. २०८१ मंसिर १६ गते आइतबारका दिन हुने स्थानीय तह उपनिर्वाचनको निर्वाचन कार्यक्रम अनुसार जिल्ला समन्वय समिति प्रमुख, नगरपालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षका रिक्त ४४ पदमा राजनीतिक दलबाट २८९ जना र १२१ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा ४१० जनाको मनोनयनपत्र दर्ता भएकोमा ३१ जनाले उम्मेदवारी फिर्ता लिएका छन्।

ओखलढुंगा र कैलाली जिल्लाको जिल्ला समन्वय समिति प्रमुखमा क्रमशः नेपाली काँग्रेसका उम्मेदवार श्री टेकराज भट्टराई र श्री टीका कुमारी चौधरी (भुल) निर्विरोध निर्वाचित हुनुभएको छ। साथै रुकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २ को वडा अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवार श्री जगत घर्ती निर्विरोध निर्वाचित हुनुभएको छ।

स्थानीय तह उपनिर्वाचन प्रयोजनको लागि दर्ता भएका २५ वटा राजनीतिक दलमध्ये हाम्रो नेपाल पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माक्सवादी लेनिनवादी), नेपाली कांग्रेस (वि.पी.), नेपाली जनता दल र आम जनता पार्टी गरी ५ वटा राजनीतिक दलले कुनै पनि रिक्त पदका लागि उम्मेदवारी दर्ता गराएनन्। यस अनुसार निर्विरोध निर्वाचन सम्पन्न भएका तीन स्थान बाहेक ४१ स्थानका विभिन्न पदहरूमा २० राजनीतिक दल र स्वतन्त्र उम्मेदवार समेत ३७६ जना उम्मेदवारलाई सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचित अधिकृतबाट निर्वाचन चिह्न प्रदान गरिएको छ।

निर्वाचन कार्यक्रम अनुसार भोली मिति २०८१/०८/०६ गतेदेखि मिति २०८१/०८/१३ गते राति १२:०० बजेसम्म उम्मेदवारहरूले प्रचार प्रसार गर्न सक्नेछन्। मिति २०८१/०८/१३ गते राति १२:०० बजेदेखि मतदान सम्पन्न नभएसम्म निर्वाचन प्रचार प्रसार निषेध अवधि तोकिएको छ। निर्वाचन आयोगको निर्णय अनुसार निर्वाचन आचारसंहिता मिति २०८१/०८/०२ गतेदेखि जारी भइसकेकोले उक्त आचारसंहिताको अक्षरशः पालना गरी निर्वाचन प्रचार प्रसारको कार्य गर्नु गराउनुहुन सम्बन्धित राजनीतिक दल, उम्मेदवार तथा निर्वाचन सरोकारवालाहरूलाई अनुरोध गर्दै मिति २०८१/०८/१६ गते आइतबारका दिन विहान ७:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने हुँदा मतदान कार्यमा सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न आयोग सम्बन्धित सबै मतदाताहरूमा हार्दिक आह्वान गर्दछ।

उम्मेदवारको अन्तिम नामावली विवरण यसैसाथ संलग्न गरिएको छ।

नीता पोखरेल अर्याल
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

स्थानीय तह उपनिर्वाचन, २०८१

उम्मेदवारको अन्तिम नामावली विवरण

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | रिक्त पद | वडा नं. | उम्मेदवारको मनोनयन दर्ता संख्या | उम्मेदवारको अन्तिम नामावली कायम भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कोशी | ताप्लेजुङ | सिरीजङ्गा गाउँपालिका | वडा अध्यक्ष | ३ | ५ | ५ |
| २ | कोशी | झापा | कन्काई नगरपालिका | वडा अध्यक्ष | ६ | ९ | ९ |
| ३ | कोशी | मोरङ | ग्रामथान गाउँपालिका | अध्यक्ष | | १६ | १६ |
| ४ | कोशी | तेह्रथुम | लालीगुराँस नगरपालिका | वडा अध्यक्ष | ८ | ८ | ७ |
| ५ | कोशी | सुनसरी | गढी गाउँपालिका | वडा अध्यक्ष | ६ | १४ | १२ |
| ६ | कोशी | ओखलढुंगा | मोलुङ गाउँपालिका | वडा अध्यक्ष | ५ | ८ | ६ |
| ७ | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | वडा अध्यक्ष | १२ | ९ | ९ |
| ८ | कोशी | उदयपुर | वेलका नगरपालिका | वडा अध्यक्ष | ९ | ७ | ७ |
| ९ | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | १ | ९ | ८ |
| १० | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | ४ | ८ | ८ |
| ११ | मधेश | धनुषा | धनुषाधाम नगरपालिका | वडा अध्यक्ष | १ | २१ | २० |
| १२ | मधेश | महोत्तरी | रामगोपालपुर नगरपालिका | वडा अध्यक्ष | २ | २० | १८ |
| १३ | मधेश | रौतहट | ईशनाथ नगरपालिका | वडा अध्यक्ष | ७ | १५ | १४ |
| १४ | मधेश | रौतहट | राजपुर नगरपालिका | वडा अध्यक्ष | ६ | १४ | १२ |
| १५ | मधेश | रौतहट | गढीमाई नगरपालिका | वडा अध्यक्ष | ८ | १६ | १६ |
| १६ | वागमती | दोलखा | गौरिशंकर गाउँपालिका | उपाध्यक्ष | | १६ | १६ |
| १७ | वागमती | काठमाडौं | काठमाडौं महानगरपालिका | वडा अध्यक्ष | १६ | १९ | १८ |
| १८ | वागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | प्रमुख | | २० | २० |
| १९ | वागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | १ | ९ | ९ |
| २० | वागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | वडा अध्यक्ष | ४ | १३ | १२ |
| २१ | वागमती | नुवाकोट | ककनी गाउँपालिका | वडा अध्यक्ष | २ | ११ | ११ |
| २२ | वागमती | मकवानपुर | हेटौडा उपमहानगरपालिका | वडा अध्यक्ष | १२ | १४ | १२ |
| २३ | गण्डकी | गोरखा | गोरखा नगरपालिका | वडा अध्यक्ष | ५ | १० | ९ |
| २४ | लुम्बिनी | गुल्मी | मुसिकोट नगरपालिका | वडा अध्यक्ष | १ | ८ | ८ |
| २५ | लुम्बिनी | कपिलबस्तु | शुद्धोधन गाउँपालिका | वडा अध्यक्ष | १ | १४ | १४ |
| २६ | लुम्बिनी | रोल्पा | रुन्टीगढी गाउँपालिका | वडा अध्यक्ष | ४ | ६ | ६ |
| २७ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | उपाध्यक्ष | | ७ | २ |
| २८ | लुम्बिनी | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका | वडा अध्यक्ष | २ | ३ | १ |

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | रिक्त पद | वडा नं. | उम्मेदवारको मनोनयन दर्ता संख्या | उम्मेदवारको अन्तिम नामावली कायम भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| २९ | लुम्बिनी | बर्दिया | ठाकुरबाबा नगरपालिका | वडा अध्यक्ष | ४ | ६ | ६ |
| ३० | कर्णाली | रुकुम (पश्चिम भाग) | सानीभेरी गाउँपालिका | वडा अध्यक्ष | ५ | ४ | २ |
| ३१ | कर्णाली | दैलेख | महाबु गाउँपालिका | अध्यक्ष | | ७ | ७ |
| ३२ | कर्णाली | दैलेख | दुल्लु नगरपालिका | वडा अध्यक्ष | १३ | ६ | ६ |
| ३३ | कर्णाली | जाजरकोट | नलगाड नगरपालिका | उपप्रमुख | | ६ | ६ |
| ३४ | कर्णाली | जाजरकोट | कुसे गाउँपालिका | वडा अध्यक्ष | ७ | ४ | ४ |
| ३५ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | वडा अध्यक्ष | ४ | ६ | ६ |
| ३६ | कर्णाली | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | वडा अध्यक्ष | ५ | ४ | ३ |
| ३७ | कर्णाली | हुम्ला | सर्केगाड गाउँपालिका | उपाध्यक्ष | | ७ | ६ |
| ३८ | सुदूरपश्चिम | बझाङ | सूर्मा गाउँपालिका | वडा अध्यक्ष | ४ | ३ | ३ |
| ३९ | सुदूरपश्चिम | बाजुरा | स्वामीकार्तिक खापर गाउँपालिका | उपाध्यक्ष | | ५ | ३ |
| ४० | सुदूरपश्चिम | डोटी | पूर्वीचौकी गाउँपालिका | वडा अध्यक्ष | ६ | ४ | ४ |
| ४१ | सुदूरपश्चिम | दार्चुला | दुहुँ गाउँपालिका | वडा अध्यक्ष | ५ | ४ | ४ |
| ४२ | सुदूरपश्चिम | कञ्चनपुर | भीमदत्त नगरपालिका | वडा अध्यक्ष | ६ | १२ | १२ |
| जम्मा | | | | | | ४०७ | ३७७ |